अल्लाहसँग डराउनु र आफ्ना शासकको आज्ञा सुन्नु र पालन गर्नु, चाहे तिम्रो शासक एक कालो दास नै किन नहोस्। मेरो पछि तिमीहरूले ठूलो मतभेद देख्नेछौ। त्यस्तो अवस्थामा मेरो सुन्नत र सही मार्गमा हिँड्ने खलीफाहरूको सुन्नतको अनुसरण गर्नु

अबु नजीह अल-इरबाद बिन सारिया (रज़ियल्लाहु अन्हु) बाट वर्णित छ, उहाँले भन्नुभयो: अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले हामीलाई यस्तो प्रभावकारी उपदेश
दिनुभयो, जसले गर्दा हाम्रा हृदय भयले काँपे र आँखाहरूबाट आसु निस्कियो। हामीले भन्यौं, "हे अल्लाहका रसूल! यो त बिदाइको उपदेश जस्तो छ, त्यसैले हामीलाई केही उपदेश दिनुहोस्।" उहाँ (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: "अल्लाहसँग डराउनु र आफ्ना शासकको आज्ञा सुन्नु र पालन गर्नु, चाहे तिम्रो शासक एक कालो दास नै किन नहोस्। मेरो
पछि तिमीहरूले ठूलो मतभेद देख्नेछौ। त्यस्तो अवस्थामा मेरो सुन्नत र सही मार्गमा हिँड्ने खलीफाहरूको सुन्नतको अनुसरण गर्नु। यसलाई बंगराको दाँतले समाते झैँ दृढतापूर्वक समात्नु। धर्मको नाममा चल्ने नयाँ कुराहरूबाट टाढा रहनु । प्रत्येक
विदअत (धर्मको नाममा गर्ने अप्रमाणित कुरा) भ्रम र पथभ्रष्टता हो।"
[सही] [अबू दाउद र तिर्मीजीले वर्णन गरेका छन्]

एक दिन रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले यस्तो प्रभावशाली उपदेश दिनुभयो जसले मानिसहरूको मन छोयो र आँखा रसायो । रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को प्रभावशाली उपदेश देखेर उहाँका साथीहरूले भने: हे अल्लाहको रसूल! यो विदाई प्रवचन जस्तो देखिन्छ । तसर्थ तिनीहरूले पछि काम लाग्ने केही महत्वपूर्ण वसीयत गर्न आग्रह गरे । उहाँले भन्नुभयो: म तिमीहरूलाई अल्लाहसँग डराउन आदेश दिन्छु । अल्लाहको डरको अर्थ भनेको अनिवार्य कुराको पालना गर्नु र निषेधित कुराहरूबाट टाढा रहनु हो । त्यसैगरी, म तिमीहरूलाई शासकहरूको आदेश सुन्न र पालन गर्न आदेश दिन्छु । तिम्रो शासक कालो दास भए पनि । अर्थात् एक साधारण मानिस पनि तिम्रो शासक बन्यो भने उसको आज्ञापालन गर्नुपर्छ, ताकि द्वन्द्व र जताततै रक्तपात नहोस् । किनभने तिमीहरूमध्ये जो जीवित रहन्छ उसले धेरै विवाद देख्नेछ । त्यसपछि उहाँले तिनीहरूलाई यस असहमतिबाट बाहिर निस्कने बाटो बताउनुभयो । अर्थात्, उहाँको सुन्नत र उहाँपछि खिलाफत ग्रहण गरेका सही मार्गनिर्देशित खलीफाहरू; अबु बकर सिद्दिक, उमर बिन खत्ताब, उस्मान बिन अफ्फान र अली बिन अबू तालिब (रजियल्लाहु अन्हुम) को सुन्नत दृढतापूर्वक समात्नु पर्छ । उहाँले त्यसलाई बङ्गाराले भएपनि समात्न आदेश दिनुभयो । अर्को शब्दमा, हरेक परिस्थितिमा सुन्नतलाई पछ्याउन र पालन गर्नुपर्छ । त्यसपछि धर्मको नाममा नयाँ कुराहरू आविष्कार गर्न विरुद्ध चेतावनी दिनुभयो । किनभने धर्मको नाममा आउने हरेक नयाँ कुरा पथभ्रष्टा हो ।

http://www.sunnah.global/hadeeth/ne/show/66529